

# अध्याय -११

# येशूप्रति सर्वोच्च निष्ठा देखाएर व्यवहारिक जीवन बिताउनु

**यस अध्यायको मूल पदहरू: एफिसी ६:१-९; मर्कूस १०:१३-१६; कलस्सी ३:२१; १ पत्रुस २:१८-२५; २ कोरन्थी ५:१०; कलस्सी ३:२४।**



यस अध्यायको मूल सार पदः "मालिक हो, आफ्ना कमाराहरूसँग उचित व्यवहार गर, र धम्की दिन छोड, यो जानेर कि तिमीहरू दुवैका मालिक स्वर्गमा हुनुहुन्छ, र उहाँमा पक्षपात छैन।" एफिसी ६:९।

सन २०१८मा अमेरिकाको राजधानी वाशीङ्टन डिसीमा रहेको बाइबल म्युजियम रहेको  पुरानो बाइबलले धेरै मानिसहरूलाई आकर्षित गरेको थियो। परमेश्वरप्रति विश्वास सिकाउन यो छोटकरी बाइबल थियो। त्यो बाइबलमा दासप्रथालाई उत्तेजित पार्ने अंशहरू मेटिएको थियो। त्यो बाइबल सन १८०८मा छापिएको थियो। त्यसमा कतिपय अंशहरू हटाइएको थियो। नब्बे प्रतिशत पुरानो करार त्यसमा थिएन भने पचास प्रतिशत नयाँ करारका सामग्रीहरू थिएन। सम्पूर्ण बाइबलमा ११८९ अध्यायहरू छन्। त्यस बाइबलमा केवल २३२ अध्यायहरूमात्र थियो।

त्यस पुस्तकमा बाइबलले सिकाएका कतिपय सुसमाचारको बारेमा पनि हटाइएको थियो। दासप्रथाको खराबलाई पनि हटाउने बारे केही अंश त्यसमा थिएन। मानिसहरूले दुरुपयोग गरेका एफिसी ६:५ पद पनि हटाइएको थियो, जसमा लेखिएको छ, "दास वा कमारा हो, डर र कम्पसाथ साँचो हृदयले ख्रीष्टलाई गरेझैं यस संसारका तिमीहरूका मालिकहरूको आज्ञापालन गर।"

आजको युग र संस्कारमा एफिसी ६:१-९ बाइबलमा प्रकट गरिएको अनुसार मुक्तिको पूरै कथाको परिवेशमा पढ्नु धेरै महत्वपूर्ण छ। आजमात्र होइन, पावलकै दिनमा कमजोर सामाजिक संरचनामा सुसमाचारको मूल्य र मान्यतालाई उनले प्रयोगात्मक शैली अपनाउँदा हामीले त्यसबाट के सिक्न सक्छौं?

## १. छोराछोरीहरूलाई अर्ती

**छोराछोरी वा बालबालिकाहरूलाई पावलले के सल्लाह दिन्छन् र त्यो सल्लाह पुरानो करारसँग पनि कसरी मिल्दछ? हेर्नुहोस्, "१ छोरा-छोरी हो, प्रभुमा आफ्ना आमा-बुबाको आज्ञापालन गर, किनकि यो उचित हो। २ आफ्ना बुबा र आमाको मान गर। (जो प्रतिज्ञासहितको पहिलो आज्ञा हो), ३ कि तिमीहरूलाई भलो होस्, र पृथ्वीमा तिमीहरू दीर्घायु होओ।" एफिसी ६:१-३। यसै सन्दर्भमा देहायका पदहरू पनि पढ्नुहोस्: "१ त्यही समय चेलाहरू येशूकहाँ आएर सोधे, "स्वर्गको राज्यमा सबैभन्दा महान् को हो?" २ उहाँले एउटा सानो बालकलाई नजिक बोलाएर तिनीहरूका माझमा उभ्याउनुभयो, ३ र भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, मन परिवर्तन भएर तिमीहरू साना बालकहरूजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ। ४ जसले यो सानो बालकजस्तै आफूलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान् हुनेछ। ५ जसले मेरो नाउँमा एउटा यस्तो बालकलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ।...१० "होशियार रहो, तिमीहरूले यी सानाहरूमध्ये एक जनालाई पनि हेला नगर। किनभने म तिमीहरूलाई भन्दछु, स्वर्गमा तिनीहरूका दूतहरूले स्वर्गका मेरा पिताको दर्शन सदैव गरिरहन्छन्।" मत्ती १८:१-५,१०; "१३ मानिसहरूले साना बाल-बालिकाहरूलाई येशूले छोइदेऊन् भन्ने उद्देश्यले उहाँकहाँ ल्याए, तर चेलाहरूले तिनीहरूलाई हकारे। १४ तर यो देखेर येशू रिसाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "साना बाल-बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूको हो।**

**१५ साँच्चै म तिमीहरूलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकले जस्तै ग्रहण गर्दैन, त्यो कदापि त्यसभित्र पस्नेछैन।" १६ अनि उहाँले तिनीहरूलाई काखमा लिएर तिनीहरूमाथि आफ्नो हात राखी तिनीहरूलाई आशीर्वाद दिनुभयो।" मर्कूस १०:१३-१६।**

आर्थिक समृद्धिमा फस्टाइरहेको एफिससका घरेलु चर्चहरूमा पावलको त्यो सल्लाह सबैको सामु पढेर सुनाउनु भनेको के हो सो हामीले कल्पना गर्नु आवश्यक छ। छोराछोरी वा बालबालिकारू हो भनेर गरिएको सम्बोधन विस्तृत उमेरका मानिसहरूलाई सामेल गराएको छ, यो अर्थ ग्रीक भाषाको "*ta tekna टा तेक्ना"ले* बुझाउँदछ। जबसम्म बाबु ६० वर्षसम्म हुन्न तबसम्म घरपरिवारमा बाबुको अधिकार कायम हुन्थ्यो। यो ग्रिक समाजको चलन थियो। रोमी समाजमा बाबु नमरुञ्जेल उनको अधिकार परिवारमा भइरहन्थ्यो। ती बालबालिकाहरू आमाबाबुको तालिममा रहन (एफिसी ६:४) सानै होस् ठूलो भएर आफ्नै निर्णयमा चल्न योग्यभएतापनि तिनीहरूलाई "केटाकेटी" नै भनेर सम्बोधन गरिन्थ्यो।

इसाई सभामा परमेश्वरको आराधना गर्ने छोराछोरीहरूलाई आफ्ना बाबु र आमालाई आदर गर्नु र तिनीहरूको आज्ञा पालन गर्नु भनेर पावलले आग्रह गर्दछन्, तर एउटा सर्तमा, त्यो हो "प्रभुमा" अर्थात् येशूमा (एफिसी ५:२२; ६:४,५,७-९)। साना बालबालिकाहरू ख्रीष्टका चेलाहरू हुन् भनेर तिनीहरूलाई आदर गर्नुपर्दछ र आराधना कार्यक्रममा तिनीहरूलाई सक्रियरूपमा सहभागी गराउनुपर्दछ। कुन आधारमा बाबुआमा हुने र बालबालिकाहरूको सेवा गर्ने भन्ने अंश पावलले यहाँ प्रस्तुत गरिएको थियो।

जब आमाबाबुको आज्ञा पालन गर्नु भन्ने पावलले आदेश दिन्छन् त्यो आँखा चिम्लेर मान्नु भनेको होइन। जब बाबुआमाले दिएका आदेशहरू "ख्रीष्टका आदेशहरूसँग बाझिन्छ भने जतिसुकै पीडादायक भएतापनि छोराछोरीहरूले परमेश्वरका आज्ञाहरू पालन गर्नुपर्छ र त्यसको नतिजा उहाँमा नै छोड्नु पर्दछ।"-एलेन जी ह्वाइट, *द एडभेन्टिस्ट होम,* पृ. २९३।

पावलले छोराछोरीहरूलाई दिएको अर्ती पाँचौं आज्ञालाई औंल्याएर पूरा गर्छन्। इसाई विश्वासीहरूलाई अगुवाइ गर्न दश आज्ञाको गरिमालाई पावलले उच्च मान्यता दिएको यहाँ प्रमाणित गरिएको छ (एफिसी ४:१-६:९, ४:२५,२८; ५:३-१४मा त्यही गरिमालाई उल्लेख गरिएको छ)। दश आज्ञाको "तिम्रो बाबु र आमाको आदर गर" भन्ने वाक्यलाई उद्धृत गर्दै "यो

प्रतिज्ञा सहितको पहिलो आज्ञा हो" भनेर उनले थप्दछन् (एफिसी ६:२)। अनि "तिमीहरूलाई भलो होस्, र पृथ्वीमा तिमीहरू दीर्घायु होओ" (एफिसी ६:३) भनेर आज्ञालाई पूरा गर्छन्। मानव परिवारको उन्नतीको निम्ति बाबुआमालाई आदर गर्नुपर्छ भन्ने परमेश्वरको योजना हो। दश आज्ञाको पाँचौं आज्ञा घरपरिवारको निम्ति महत्त्वपूर्ण छ। बाबुआमाहरू सिद्ध नहोला वा तिनीहरूमा कमीकमजोरी होला तर तिनीहरूलाई आदर गर्दा छोराछोरीहरूको स्वास्थ राम्रो हुन्छ र दिर्घायु पनि हुन्छ।

**पारिवारिक जीवनमा हुनु पर्ने सम्बन्ध पावलको माथिका अर्तीहरूले कसरी थप्दछन्?**

## २. बाबुआमाहरूलाई सल्लाह

**आफ्ना बालबालिका वा छोराछोरीहरूलाई बिनासित्ती रिस नदेखाउनु तर तिनीहरूलाई के गर्नुपर्छ भनेर बाबुआमाहरूलाई दिएको देहायका सल्लाहलाई बाबुआमाहरूले कसरी लिने? "बुबा हो, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ।" एफिसी ६:४; "बुबा हो, आफ्ना छोराछोरीहरूलाई रीस नउठाओ, नत्रता तिनीहरू निराश हुनेछन्।" कलस्सी ३:२१।**

पावलको समयमा यहूदी कागजपत्र सिराकमा बाबुहरूले तिनीहरूका छोराहरूलाई कस्तो व्यवहार गर्नुपर्छ भनेर लेखिएको थियोः "जसले आफ्नो छोरोलाई माया गर्छ उसलाई उनले बराबर हिर्काउनुपर्छ। बालकलाई पुलपुल्यायो भने उसले बाबुलाई आतङ्कित बनाउँछ; बालकसँग खेल्न थाल्यो भने उसले बाबुलाई दुःखित बनाउनेछ....बाबुले आफ्नो छोरोलाई बेसरी अनुशासनमा राख्नुपर्छ र उसको जुआलाई भारी बनाउनु पर्छ। त्यसले गर्दा छोराले बाबुलाई लज्जित बनाउँदैन।" (सिराक ३०:१,९,१३)।

पावलको समयमा छोराछोरीहरूलाई कसरी कजाउनुपर्छ भन्ने त्यस नीतिले मान्यता पाएतापनि पावलको सल्लाह अत्यन्तै फरक छ। उनले बाबुलाई पहिला नकारत्मक आदेश दिन्छः "तिम्रा छोराछोरीहरूलाई रिसले व्यवहार नगर," अनि सकारात्मक आदेश उनले दिन्छन्, "तर तिनीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ" (एफिसी ६:४)। पावलको समयमा तिनीहरूका छोराछोरीहरूमाथि बाबुहरूको पूर्ण कानुनी अधिकार थियो। बाबुहरूले छोराछोरीहरूलाई घाउचोट पारेर हिंस्रक दण्ड दिन सक्थ्यो अझ

तिनीहरूलाई मार्न पनि सक्थ्यो अर्थात् त्यसबेला बालअधिकार भन्ने धारणा जन्मेकोपनि थिएन। कतिपय समयमा छोराछोरीहरूलाई बाबुको दमन गर्न अधिकार दासलाई मालिकले गर्नेभन्दा ज्यादति थियो। पावलले त्यस खालको अधिकारलाई अनुमोदन गरेका छैनन् तर परिवारका बीचमा कस्तो नयाँ सम्बन्ध हुनुपर्छ जसले गर्द स्वस्थ, हँसिलो र मायालु परिवारको निर्माण होस्। यस परिवेशमा पनि इसाई बाबुहरूको उच्च निष्ठा ख्रीष्टमा हुनुपर्छ हुनुपर्छ भनेर पावलले आग्रह गर्दछन्। आफ्ना छोराछोरीहरूलाई कसरी कजाउने र तिनीहरूमाथि कस्तो अधिकार प्रयोग गर्ने सो विषयमा नयाँ सोच हुनुपर्छ भन्ने उनको जिकिर छ। छोराछोरीहरूलाई रिस देखाएर कजाउन खोज्दा परमेश्वरको शिक्षा र अनुशासन अनुसार तिनीहरू चल्दैनन्।

"बाबु र आमाहरू, तपाईंहरू आफ्नो घरमा परमेश्वरको प्रतिनिधित्व गरेर उहाँको मिजास वा चालमा चल्नुपर्दछ। हो, तपाईंहरूका आज्ञाहरू तिनीहरूले पालन गर्न तपाईंहरू अपेक्षा गर्नुहुन्छ, तर रिसारिस वा चर्कचर्की गरेर होइन, बरु दया र मायालु व्यवहार गरेर....।

"घरमा रमाइलो वातावरण होस्। मिलनसार भएर घर चलोस्। यस्तो कुनै किसिमको बोलीवचन गर्न रोक्नुहोस् जसले गर्दा अपवित्र रिस र चर्काचर्की हुन्छ। 'बाबुहरू तिमीहरूका छोराछोरीहरूलाई रिस नउठाउ" भन्ने परमेश्वरको आदेश हो।....

"आफूले पाएको छोराछोरीहरू हुन् भन्दैमा तिनीहरूप्रति कठोर हुने र दवाउने वा जबरजस्ती आज्ञा पालन गर्न लगाउने इजाजत परमेश्वरको वचनमा कहिँ पनि लेखिएको छैन। घर परिवारको जीवनमा होस् वा राष्ट्रहरू चलाउने सरकारको होस् परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू परमेश्वरको अनन्त प्रेमको हृदयबाट वगेका हुन्।"-एलेन जी ह्वाइट, *चाइल्ड गाइडेन्स,* पृ. २५९।

**माथिको पाठले बाबुआमा र छोराछोरीहरूको बीचमा हुने कारोबारलाई औल्याएतापनि अरूहरूसँगको सम्बन्धमा पनि ती नीतहरूलाई हामील कसरी अबलम्बन गर्न सक्नुपर्दछ?**

## ३. पावलको समयमा दासप्रथा

**देहायका पदहरूमा दास र मालिकहरूलाई दिएका अर्तीहरू पढ्नुहोस्। पावलको सल्लाहलाई कसरी निचोडमा ल्याउने? हेर्नुहोस्, "५ कमारा हो, डर र कम्पसाथ साँचो हृदयले ख्रीष्टलाई गरेझैं यस संसारका तिमीहरूका मालिकहरूको**

आज्ञापालन गर। ६ मानिसहरूलाई खुशी पार्नेले झैं आँखाको अगि मात्र देखावटी काम नगर, तर ख्रीष्टका दासहरूझैं साँचो हृदयले परमेश्वरको इच्छा पूरा गर। ७ मानिसहरूका निम्ति होइन, तर प्रभुको निम्ति जस्तै गरी सदिच्छाले सेवा गर, ८ यो जानेर कि चाहे त्यो कमारा होस्, चाहे फुक्का, जसले असल काम गर्दछ, त्यसले प्रभुबाट सोहीबमोजिम पाउनेछ। ९ मालिक हो, आफ्ना कमाराहरूसँग त्यस्तै व्यवहार गर, र धम्की दिन छोड, यो जानेर कि तिमीहरू दुवैका मालिक स्वर्गमा हुनुहुन्छ, र उहाँमा पक्षपात छैन।" एफिसी ६:५-९; "२२ कमारा हो, प्रत्येक कुरामा यस संसारका आफ्ना मालिकहरूलाई आँखाका अगाडि खुशी तुल्याउने मात्र होइन, तर साँचो हृदयले प्रभुको डर राखेर तिनीहरूका अधीनमा बस। २३ तिमीहरू जे गर्छौ दिलोज्यानले गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा गरेजस्तै, २४ यो जानेर कि तिमीहरू आफ्ना उत्तराधिकार इनामको रूपमा पाउनेछौ। तिमीहरू प्रभु ख्रीष्टको सेवा गरिरहेका छौ। २५ किनकि आफूले गरेका कुकर्मको फल कुकर्मीले पाउनेछ, र यसमा पक्षपात हुँदैन।

कलस्सी ३:२२-२५; "मालिक हो, तिमीहरूका पनि स्वर्गमा मालिक हुनुहुन्छ भन्ने जानेर आफ्ना कमाराहरूसँग न्यायसङ्गत र उचित व्यवहार गर।" कलस्सी ४:१; "२० जुन अवस्थामा मानिसलाई बोलावट भएको छ, त्यसैमा नै हरेक मानिस रहिरहोस्। २१ तिम्रो बोलावट हुँदा तिमी कमारा थियौ? यदि थियौ भने त्यसको वास्ता नगर, तर स्वतन्त्र हुन सक्छौ भने त्यसको फाइदा उठाऊ। २२ किनभने प्रभुमा बोलावट हुँदा जो मानिस कमारो थियो, अब त्यो प्रभुको स्वतन्त्र मानिस भएको छ। त्यसै गरी बोलावट भएको समयमा जो मानिस स्वतन्त्र थियो, त्यो ख्रीष्टको कमारो भएको छ। २३ तिमीहरू मोल तिरेर किनिएका हौ, मानिसहरूका कमारा नबन। २४ यसकारण भाइ हो, जसलाई जस्तो अवस्थामा बोलावट भएको छ, प्रत्येक त्यही अवस्थामा परमेश्वरसँग रहिरहोस्।" १ कोरिन्थी ७:२०-२४; "१ दासत्वका जुवामुनि हुने सबैले आ-आफ्ना मालिकलाई पूरा सम्मानको योग्य ठानून्, ताकि परमेश्वरको नाउँ र हाम्रो शिक्षाको बदनामी नहोस्। २ विश्वासी मालिकहरूलाई तिनका कमाराहरूले विश्वासमा दाजुभाइ भन्दैमा अनादर नगरून्। बरु तिनीहरूले उनीहरूको झन् बढ़ी सेवा गरून्, किनभने तिनीहरूका सेवाबाट लाभ पाउनेहरू विश्वासी र प्रियहरू नै हुन्। यी कर्तव्यहरू पालन गर्न सिकाऊ, र आग्रह गर।" १ तिमोथी ६:१-२; "१८ कमारा हो, सम्पूर्ण आदरपूर्वक आफ्ना मालिकहरूका अधीनमा

बस। तिमीहरूमाथि दयालु र भला हुनेहरूका अधीनमा मात्र होइन, तर निर्दयीहरूका अधीनमा पनि। १९ परमेश्वरलाई सम्झेर कुनै मानिसले अन्यायपूर्ण कष्ट सहन्छ भने त्यो परमेश्वरमा प्रशंसनीय छ। २० किनभने तिमीहरूले खराब काम गरेर कुटाइ खाँदा धैर्यसँग सह्यौ भने यसमा ठूलो कुरो के छ र? तर तिमीहरूले असल गरेर पनि दुःख भोग्नुपर्दा धैर्यसँग सहन्छौ भने यो परमेश्वरमा ग्रहणयोग्य हुन्छ, २१ किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। २२ "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन।" २३ तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन। दुःख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो। २४ हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। २५ किनभने तिमीहरू भेड़ाहरूझैं बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ।" १ पत्रुस २:१८-२५।

एफिसीका घरेलु चर्चहरूमा इसाई दास र इसाई मालिकहरूलाई पावलले सम्बोधन गरेको वचन सुन्नुपर्दा तिनीहरू चकित बनाएको हुनुपर्छ। ती चर्चहरूमा इसाई दासहरू इसाई मालिकहरूसँग बसेर परमेश्वरको आराधना गर्दथे। ग्रिक र रोमी सभ्यतामा दासत्व पछिको नयाँ संसारको भन्दा धेरै फरक हुन सक्थ्यो। त्यसबेलाका दासहरू कुनै जातिय वर्गसँग मात्र केन्द्रित भएको थिएन। सहरका घरेलु दासहरूलाई कहिलेकाहीं शिक्षित बन्न अवसर दिइन्थ्यो ताकि तिनीहरू भवन निर्माणकर्ता, चिकित्सक र दार्शनिकहरू बनोस। ती घरेलु दासहरू कहिलेकाहीं निश्चित समयसम्म सेवा गरेपछि स्वतन्त्र हुन्थ्यो, तर प्रायजसो तिनीहरूमा कतिले स्वतन्त्र हुने अवसर पाउँदैनथ्यो। ती दुई थरीका दासहरूको बीचमा भिन्नता देखाउन बाइबलका कतिपय अनुवादहरूमा एफिसी ६:५-९को दासको निम्ति प्रयोग गरिएको ग्रीक शब्दलाई *doulos डुवोलोस* " बन्धकनोकर वा कमैया" भन्ने प्रयोग गरेको पाइन्छ।

तर कुनै पनि संस्कार वा संस्कृतिमा वा समाजमा र जुनसुकै परिस्थितिमा पनि दासप्रथालाई कुनै बहानामा अंगाल्नु यो दुष्ट र मानव प्राणीको निम्ति घोर अन्याय हो। त्यसको न्याय परमेश्वरले गर्नुहुनेछ। दासप्रथा तथा कामदारहरूलाई शोषण गर्ने मालिकहरूलाई परमेश्वरको अनन्त न्याय अनुसार

दोषी ठहऱ्याउनुहुनेछ। त्यसको निम्ति हामी आभारित छौं। भूतपूर्व दास पब्लीलियुससाइरको आर्तनाद आङ्गलाई नै सिरिङ्ग पार्दछः "दास भएर पतित हुनुभन्दा मर्नु नै सुन्दरता हो।" यो वास्तवकितालाई ध्यानमा राखेर डुवोलोस वा दास भनेर अनुवाद गरिनु उपयुक्त छ। ती दासहरू हरदम तिनीहरूका मालिकहरूको धम्कीमा बाँच्नु पर्दथ्यो (एफिसी ६:९)।

पावलको संसारमा दासप्रथाको खराब संस्कार निरन्तररूपमा व्यापक थियो। जब उनले घरेलु चर्चमा दास र मालिकहरूलाई सम्बोधन गर्छन् तब उनले सामाजिक सुधारक रूपमा होइन पास्टर वा धर्मगुरुको हैशियतले सम्बोधन गर्छन्। दासप्रथा र मालिकप्रथाको चलनको वास्तविकतालाई पावलले नकार्दैन तर येशूलाई विश्वास गरेकोले तिनीहरू दुवै परिवर्तित जीवनमा ध्यान दिनुपर्छ भन्ने उनको अर्ती थियो। पछि गएर चर्चमात्र होइन समाजमै दास र मालिकको बीचमा हुनुपर्ने सुमधुर सम्बन्धलाई प्रभाव पारेको हुनुपर्छः "तत्कालिन रोमी साम्राज्यको समाजमा विद्यमान दासप्रथाको विरुद्धमा बोल्ने वा दासप्रथा उन्मुलन गर्ने अभियान वा कल्पना पावलको थिएन। उनले कानुनीरूपमा दासप्रथाको सुधार हुनुपर्छ भनेर समाजसुधारकको रूपमा आफूलाई प्रस्तुत गरेको थिएन। तर अब येशूलाई विश्वास गरेपछि दुवै दास र मालिक नयाँ सृष्टि भएको कारणले तिनीहरू दाजुभाइ हुन गएकाछन् किनकि तिनीहरू अब परमेश्वरका सन्तान वा छोराछोरीहरू भएर दुवै बराबर सम्मानित ओहोदा ओगटेका छन्।...सामाजिक क्रान्ती चर्चमा हुनुपर्छ भन्ने पावलको धारणा छ। चर्च ख्रीष्टको शरीर भएकोले स्थानीय तहबाट नै सुधार हुनुपर्दछ। त्यो सामाजिक सुधार इसाई घर र इसाई चर्चबाट नै सुरु हुनुपर्दछ।"- स्कट मेक्नाइट, *द लेटर टु फिलेमोन* , ग्राण्ड रापिड, मिशिगनः इएरदमानस्, २०१७, पृ. १०,११।

**इसाई धर्मको इतिहासमा धेरै कलङ्कहरू छन्। तिनीहरूमा इसाई भनाउँदाहरूले नै बाइबललाई प्रयोग गरेर दासप्रथाको दुष्ट संस्कारलाई उचित थानेर चलाएका थिए। परमेश्वरको वचनलाई हामीले कसरी होशियारसाथ समाल्नुपर्छ भन्ने त्यस त्रसित बनाउने सन्देशबाट हामी लिन सक्छौं?**

## ४. येशूका दास वा सेवकहरू

**इसाई दासहरूलाई पावलले विस्तृत निर्देशन दिएका थिए। तिनीहरूबाट उनले के अपेक्षा गरेका थिए? हेर्नुहोस्, " ५ कमारा हो, डर र कम्पसाथ साँचो**

**हृदयले ख्रीष्टलाई गरेझैं यस संसारका तिमीहरूका मालिकहरूको आज्ञापालन गर। ६ मानिसहरूलाई खुशी पार्नेले झैं आँखाको अगि मात्र देखावटी काम नगर, तर ख्रीष्टका दासहरूझैं साँचो हृदयले परमेश्वरको इच्छा पूरा गर। ७ मानिसहरूका निम्ति होइन, तर प्रभुको निम्ति जस्तै गरी सदिच्छाले सेवा गर, ८ यो जानेर कि चाहे त्यो कमारा होस्, चाहे फुक्का, जसले असल काम गर्दछ, त्यसले प्रभुबाट सोहीबमोजिम पाउनेछ।" एफिसी ६:५-८।**

इसाई कमारा वा दासहरूलाई आफ्ना मालिकहरूको हृदयदेखि नै इमान्दार भएर श्रेष्ठ सेवा गर्नु भनेर पावलले अऱ्हाउँछन्। तिनीहरूले कसको निम्ति काम गरिरहेकाछन् भनेर पावलले बारम्बार दोहोऱ्याउँछन्। तिनीहरूको मालिकलाई ख्रीष्टको ठाउँमा राख्ने होइन भनेर उनले सुनाउँछन्। ख्रीष्टलाई दिने निष्ठा उहाँलाई मात्र दिनुपर्छ आफ्नो मालिकलाई होइन भनेर उनले जिकिर गर्दछन्। तिनीहरू ख्रीष्टलाई नै मध्यनजरमा राखेर हृदयदेखि उच्चस्तरको सेवा गर्न निष्ठावान र बफादारी हुनुपर्दछ किनकि तिनीहरूको सकल मालिक ख्रीष्ट प्रभु हुनुहुन्छ। सांसारिक मालिकको निम्ति सेवा गरेतापनि दुवै मालिक र दासको सकल मालिक येशू ख्रीष्ट हुनुभएकोले मालिक र दासको सम्बन्ध सुमधुर हुन दुवै परिवर्तिन हुनुपर्दछ र इसाई शिक्षा र नीतिमा तिनीहरू चल्नु महत्त्व छ भनेर पावलले बताउँदछन्।

मालिकको सेवा गर्नु भनेको उनको सट्टामा येशूको सेवा गर्नु हो भनेर पावलले विभिन्न तरिकाले सम्झाउन खोज्छन्ः

अ. यथार्थमा ख्रीष्टको अगाडि कोही पनि मालिक र दास छैन भनेर पावलले औंल्याउन खोजेको पाइन्छ। येशूनै स्वर्गिय मालिक हुनुभएकोले यस संसारमा कसैले पनि आफूलाई मालिक भन्ने हक छैन (एफिसी ६:५)।

आ. दासहरूले " डर र कम्पसाथ साँचो हृदयले ख्रीष्टलाई गरेझैं" सेवा गर्नुपर्छ" (एफिसी ६:५)।

इ. इसाई दासहरू पक्का र सच्चा हृदयले तिनीहरूका मालिकहरूको सेवा गरेतापनि तिनीहरू यथार्थमा "ख्रीष्टका दासहरू हुन् भन्ने आभास् पाएर सेवा गर्नुपर्छ (एफिसी ६:६)।

ई. जब तिनीहरूले सेवा गर्छन् तब हृदयदेखि नै परमेश्वरको इच्छा पालन गरिरहेका हुन् भनेर विश्वास गर्नुपर्छ अर्थात् दासहरूको सेवा हृदयदेखि नै परमेश्वरतिर निर्देशित हुनुपर्दछ (एफिसी ६:६)।

उ. जब दासहरूले सेवा गर्छन् तब मानिसलाई होइन परमेश्वरलाई सेवा गरेको भनेर अभिप्रेरित हुनुपर्छ। " मानिसहरूलाई खुशी पार्नेले झैं आँखाको अगि मात्र देखावटी काम नगर, तर ख्रीष्टका दासहरूझैं साँचो हृदयले परमेश्वरको इच्छा पूरा गर।" एफिसी ६:६।

सच्चा हृदयले दिलोज्यान दिएर सेवा गर्दा इसाई दासहरूले पाउनुपर्ने यथोचित र पूरा इनाम ख्रीष्ट आउनुभएपछि पाउने छ भनेर अपेक्षा गर्नुपर्छ। तिनीहरूले उहाँको निम्ति काम गरेका छन् र उहाँबाट नै इनाम पाउने तिनीहरूले अपेक्षा गर्नुपर्छ। तलब नपाएर काम भयानक प्रथाको जालोमा पर्ने दासहरूको निम्ति यो धारणा आकर्षित छ। यस संसारमा मालिकहरूबाट दासहरूको सराहाना नगर्ला वा अन्यायपूर्वक जोतिनुपर्ला, तर तिनीहरूको सच्चा मालिक तिनीहरूप्रति ध्यान दिइरहेका हुन्छन्। यो प्रतिज्ञालाई तिनीहरूले आत्मसात् गर्नुपर्छः "यो जानेर कि चाहे त्यो कमारा होस्, चाहे फुक्का, जसले असल काम गर्दछ, त्यसले प्रभुबाट सोहीबमोजिम इनाम पाउनेछ।" एफिसी ६:८।

**बाइबलले खुलारूपमा भयानक दासत्वप्रथा वा शोषणको खराब संस्कारको बिरुद्धमा बोलियोस् भन्ने हामीले चाहना गरेतापनि त्यो भएको छैन। तैपनि त्यस प्रथालाई समथर गर्न पावलले नीतिहरू प्रस्तुत गरेका छन्। उनका नीतिहरू हाम्रै परिवेशमा हाम्रा हाकिम वा सहकर्मीहरूसँग गरिने कारोबारमा कसरी लागु गर्ने?**

## ५. मालिकहरू जो दास वा सेवक छन्

दासहरूको बारेमा पावलले अन्तिम शब्दहरू "चाहे त्यो दास होस् वा फुक्का" (एफिसी ६:८) भनेर सम्बोधन गर्दा "फुक्का" दासका मालिकहरू हुन्। ख्रीष्टको न्यायको आशनको सामु दुवै दास र मालिक बराबर हुन् भनेर पावलले अर्ती दिंदछन् (यस मामिलामा २ कोरन्थी ५:१०; कलस्सी ३:२४,२५)।

**तपाईं एफिसीको घरेलु चर्चमा हुनुहुन्छ र तपाईं दासको मालिक हुनुहुन्छ। दासहरूकै अगाडि पावलको त्यो पत्र सुनाउँदा तपाईंलाई कस्तो लाग्छ होला? " मालिक हो, आफ्ना कमाराहरूसँग त्यस्तै व्यवहार गर, र धम्की दिन छोड, यो जानेर कि तिमीहरू दुवैका मालिक स्वर्गमा हुनुहुन्छ, र उहाँमा पक्षपात छैन।" एफिसी ६:९।**

पावलले मालिक हो भनेर अर्तीसाथ सम्बोधन गर्दा ग्रिकले सम्बोधन गर्ने "प्रभु, स्वामी" भन्दा फरक छ। ग्रिक शब्द *hoi kurioi होइ कुरिओइ* जसको अनुवाद "मालिकहरू" भएतापनि तिनीहरूले दासहरूलाई धम्कि दिने बानी हुन्थ्यो। तर हो कुरिओस ho kurios भन्दा येशूलाई प्रभु भनेर सम्बोधन गरेको पाइन्छ र उहाँमा कुनै पक्षपात छैन।

आफ्ना दासहरूलाई येशूले जस्तै व्यवहार गर्नु भनेर दास मालिकहरूलाई सुनाउँदा पहिलो शताब्दीका दास मालिकहरूको निम्ति धक्का वा चकित हुन्थ्यो होला र साथै कति आपत्तिजनक पनि हुन्थ्यो होला। मालिकहरू ख्रीष्टप्रति बफादार भएकोले नै तिनीहरू उहाँको भावनामा भावित भएर चलेको हुन्छ। यदि तिनीहरू येशूको स्वभावमा हिँड्छन् भने आफ्ना दासहरूको भलो चिताएर तिनीहरू हिँडेको हुन्छ र दासहरू पनि त्यही स्वभावमा हिँड्छन् भनेर पावलले बताउँछ (एफिसी ६:५-८)। दासहरूलाई धम्की दिन, त्राही त्राही बनाउन र तर्साउन छोड भनेर उनले मालिकहरूलाई सम्झाउँछन्। मालिकले दासहरूलाई दुर्व्यवहार गर्ने चलन तत्कालिन समाजमा साधारण थियो। मालिकहरूले दासहरूलाई जुनसुकै दण्ड पनि दिन सक्थ्यो- पिट्नु (१ पत्रुस २:२०), यौन दुर्व्यवहार, दासका प्रियजनका परिवारहरूबाट छुटाएर बेचविखन गर्न सक्थ्यो, भिषम परिश्रममा लगाउन सक्थ्यो, भोकै राख्न सक्थ्यो, सिक्रीले बाँधी राख्न सक्थ्यो, छालामा दाग लगाउन सक्थ्यो र मार्न पनि सक्थ्यो। यसको निम्ति परमेश्वरले नै ती मालिकहरूलाई न्याय गर्नुहुनेछ।

मालिकहरूलाई दुई अभिप्रायले प्रेरित भएर तत्कालिन ग्रिक-रोमी संसारको सामाजिक संरचनाभन्दामाथि उचलिएर चल्नुपर्छ भनेर पावलले आग्रह गर्दछन्: १. तिनीहरू र तिनीहरूको दासहरू एकै जना मालिकको सहदास हो भनेर स्वीकार गर्नुपर्दछ (दुवै मालिक र दासका मालिक स्वर्गमा हुनुहुन्छ- एफिसी ६:९, कलस्सी ४:१)। स्वर्गको स्वामीले सबैको बिनापक्षपात न्याय गर्नुहुन्छ। तिनीहरूको मालिक येशूले दासहरू र मालिकलाई एकैनास व्यवहार गर्नुहुन्छ भने तिनीहरूले पनि आफ्ना दास वा सेवकहरूलाई आफू सरह बराबर गर्नुपर्दछ (फिलमोन १५,१६)।

एफिसीहरूलाई सम्बोधन गरेका धेरै जसो लवजहरू दासहरूको निम्ति हृदय पगाल्ने खालका हुनसक्छ: येशूलाई विश्वास गर्नेहरू परमेश्वरका छोराछोरीहरू हुने हक पाएका हुन्छन् (एफिसी १:५); तिनीहरूलाई मुक्ति

दिलाइएको छ (एफिसी १:५); तिनीहरूले स्वर्गमा सम्पत्तिको हकदार हुनेछन् (एफिसी १:११,१४; ३:६); येशूसँगै सिंहासनमा बसालिएको छ (एफिसी २:६); सह नागरिक, परमेश्वरको परिवारका सदस्यहरू (एफिसी २:१९, ३:१४,१५) र येशूको शरीरको अभिन्न अङ्ग (एफिसी ३:६, ४:१-१६)। येशूलाई विश्वास गर्ने दासहरू र दासहरूका मालिकहरूको बीचमा सक्रिय हुनुपर्ने सम्बन्धको नीति एफिसी ६:५-९मा दिएको छ। दासहरूसँग गर्नुपर्ने बोलीवचन (एफिसी ४:२५-३२) र दासहरूलाई उचित यौननीति अपनाउँदै यौनशोषण गर्ने पनि मनाही गरिएको छ (एफिसी ५:१-१४)।

## उपसंहार

**थप जानकारीः** बालबालिकाहरू पनि परमेश्वरका विश्वासीहरू हुन् र तिनीहरूलाई आदरपूर्वक व्यवहार गर्नुपर्छ भन्ने पावलको नीति त्यसबेलाको समाजको निम्तिमात्र होइन बर्तमान हाम्रो समाजमा पनि लागु हुन्छ। बाबुहरूप्रति उनले गरेको सम्बोधनमा (एफिसी ६:४) बाबुहरूका जिम्मेवारीहरू के हो भनेर उनले हामीलाई सुनाउँछन्। दासहरूको निम्ति उनले दिएका नीतिहरू (एफिसी ६:५-८), र विशेष गरेर दासका मालिकहरूलाई उनले सुनाएका आग्रहहरू (एफिसी ६:९) त्यसबेलाको निम्तिमात्र होइन हाम्रै समाज र संस्कारको निम्ति चुनौतीपूर्ण छ। दास र नोकरहरूको बीचमा हुने सामाजिक दुरी अहिले पनि कायमै छ। दास, सेवक, कर्मचारी, हाकिम, हुनेखाने र शोषणमा परेका गरिवहरूको बीचमा हुने दुरी बाइबलको अनुसार ठूलो नैतिक दुष्टता हो। त्यसकारण, प्रथम् शताव्दीका एफिससका विश्वासीहरूलाई गरेको सम्बोधनलाई हाम्रो सामाजिक परिवेशमा कसरी प्रयोग गर्ने भन्ने कुरामा ध्यान दिनु जरुरी छ। अरूहरू वा हामीभन्दा निम्न वर्गका मानिसहरूलाई हामी कसरी व्यवहार गर्छौं त्यो हाम्रो सम्बन्ध सुसमाचारलाई आत्मसात् गर्ने भरमा पर्दछ। तलका चिन्तनमननहरू त्यस धारणालाई महत्त्व दिन सहयोग गर्नुपर्छ।

## चिन्तनमननः

अ. बालबालिकाहरू पनि परमेश्वरको आगमनको निम्ति पर्खिएर बसेका जनहरू हुन् भन्नुको अर्थ एडभेन्टिस्टहरूको निम्ति के छ? (लूका १:१७, मलाकी ४:६)।

आ. बालबालिकाहरूप्रति पावलले देखाएको आदरलाई हाम्रो हृदय खोतलिनुपर्दछः बर्तमान समाजमा पनि बालबालिकाहरूलाई हिँसा, यौनदुर्व्यहार र सानैदेखि लज्जित बनाउने क्रियाकलापहरू भएरहेकाछन्। ख्रीष्टको अनुयायी भएको हैशियतले ती दुर्भाग्यमा परेका बालबालिकाहरूप्रति हाम्रो जिम्मेवारी के छ? अमेरिकामा बालबालिकाहरूको हकहित सुरक्षा गर्ने निकाय छः https://www.cdc.gov/violenceprevention/), https://www.ncrc.gov.np/ भने नेपालमा पनि र https://www.facebook.com/cwin.org.np/ निकायहरू छन्। बालबालिकहरूप्रति हाम्रो जिम्मेवारी के छ?

इ. बालबालिकाहरूप्रति पावल आदर र तिनीहरूप्रति येशूको कोमल चासोलाई मध्यनजरमा राखेर चर्च भएको हैशियतले तिनीहरूको हकहित सुरक्षित गर्ने र पालन पोषण गर्न के जिम्मेवारी छ? बालबालिकाहरू पनि वयस्क मानिसहरू हुन् भन्ने धारणलाई मनमा राखेर तिनीहरूलाई सुरक्षित प्रदान गर्न चर्चमा के योजना बनाउन सकिन्छ?

ई. एफिसी ६:५-९मा दासहरू र दासमालिकहरू बीचमा हुने सम्बन्धलाई प्रायजसो कर्मचारी र हाकिमहरूलाई पनि प्रयोग गरेका पाइन्छ। कुन परिस्थितिमा त्यो उचित हुन्छ र कुन परिस्थितमा उचित हुँदैन वा खतरा पनि हुन सक्छ?

उ. आजको विश्वमा पनि दासप्रथा दर्दनाक वास्तविकता भइरहेको छ। विश्वको खबर अनुसार विश्वमा चारकरोड भन्दा बढि मानिसहरू दासत्वमा छन् (http://www.globalslaveryindex.org/)
हामी स्वतन्त्र र आत्मिक मानिसहरू भएकोले दासत्वप्रथाको उन्मुलन अभियानप्रति हाम्रो प्रतिवद्धता छ। परमेश्वरका छोराछोरीहरू दासत्वमा रहेकाछन् भने तिनीहरूप्रति हाम्रो जिम्मेवारी के छ। "ओ होली नाइट" भन्ने क्रिष्ठमसको एउटा गीतमा यो लय छः सिक्रीहरू तोडिनेछ, दास पनि हाम्रो भाइ नै हुन, परमेश्वरको नाउँमा सबै दमनहरू रोकिनेछ।" विपिन्न वर्गलाई शोषण गर्ने हाम्रो समाजको प्रवृत्तिप्रति हाम्रो चासो कस्तो छ?

# कथा ११

# ...देखि एडभेन्टिस्ट अगुवा

## मारेक, पोल्याण्ड



पोल्याण्डमा जब एलेन ह्वाइटद्वारा लिखित *महान् विवाद वा द ग्रेट कन्त्रोभर्सी* पुस्तक मारेकले जब पढ्न थाले तब उसको जीवन परिवर्तन हुन थाल्यो। हप्ताको सातौं दिन साबथलाई पालन गर्न उसले निर्णय गर्‍यो। चुरोट खानु खराब छ भनेर उसले पढेको थियो। चुरोट छोड्ने निर्णय उसले गर्‍यो तर छोड्न सकेन।

एक दिन शनिबार उसले भित्तामा एउटा विज्ञापन पढ्यो। त्यसमा चुरोट छोड्ने पाँच दिने कार्यक्रममा भाग लिनेको बारेमा लेखेको थियो। त्यो कार्यक्रम गर्ने ठेगाना सेभेन्थ-डे एडभेन्टिस्ट चर्च थियो। यो सम्प्रदायको बारेमा मारेकले कहिल्यै पनि सुनेको थिएन। *द ग्रेट कन्त्रोभर्सी* पुस्तक पढेर वा एडभेन्टिस्ट किताब पसलमा गएर त्यो पुस्तक किनेतापनि एडभेन्टिस्ट चर्चको बारेमा मारेकले कहिल्यै सुनेको थिएन। मारेक सिधै चर्चमा गयो। चर्चको बुलेटिन बोर्डमा *द ग्रेट कन्त्रोभर्सी*को पोस्टर थियो। आफू ठिक ठाउँमा आएको उसले महसुस गर्‍यो। शनिबार अपरान्ह २ बजेको थियो। चर्चको सेवाकार्य सकेपछि प्रायजसो चर्च खाली हुन्थ्यो। तर त्यस दिन चर्चमा एडभेन्टिस्ट पुस्तकहरू बेच्ने मानिसहरू बसेका थिए। तिनीहरूले मारेकलाई अर्को हप्ता चर्चको सेवा कार्यक्रममा आउन निम्तो दिए।

अर्को साबथ मारेक चर्चमा आयो र त्यहाँ येशूको बारेमा दिएको प्रवचन उसलाई रमाइलो लाग्यो। चर्चमा जानेहरूले उसलाई दया देखाएकोले ऊ छक्क पर्‍यो। अर्को साबथ नजिकको सहरमा युवाहरूको भेलामा सरिक हुन तिनीहरूले उसलाई निम्तो दिए।

अर्को साबथ मारेकलाई एडभेन्टिस्टहरूले उसलाई लैजान सडकमा उभिरह्यो। त्यो दिन गर्मी थियो। उसले हाफ पान्ट र टि-शर्ट लगाएको थियो। सडकमा धेरै समयसम्म उभिरह्यो। एडभेन्टिस्टहरूले उसलाई बिर्सेको जस्तो देखिएको थियो। उसको दिमागमा दुई आवाजहरूले बोलिरहेको उसले महसुस गर्‍यो। एउटा आवाजले बाहिर पर बस र चौरमा राम्रो मौसममा रमाऊ।" अर्को आवाजले, "त्यही उभेर बस किनभने तिमी यस भेलामा जानु

धेरै अनिवार्य छ।" केही समयपछि एडभेन्टिस्टहरू आएर उसलाई लग्यो। तिनीहरू १०००जना जति मानिसहरू भएको सभामा गए। त्यहाँको आराधना कार्यक्रमले मारेकलाई छक्क पार्‍यो। त्यसबेला बोल्ने वक्ता लन्डनको पास्टर थियो। उनले मध्यान्नसम्म बोले। अनि उनले बोले, "मेरो प्रवचनको अन्त्य अहिले भएको छ। तर तपाईंहरूको बीचमा कोही छ जसलाई येशूको खाँचो छ।" "मेरो बारेमा उनलाई कसले भन्यो?" मारेकले सोच्यो।

पास्टरले आफ्नो व्यक्तिगत कथा सुनाउन थाले। उनी इसाई धार्मिक परिवारमा जन्मेका थिए, तर किशोर अवस्थामा उनले परमेश्वरमाथिको आस्था त्यागेका थिए। चर्च पनि जान छोडयो। अनि उसले जाँड, रक्सी पिउन थाले र लागुपदार्थको दुर्व्यसनमा फसे। उनका चर्चका परिवार र आफ्नै आमाले पनि उनको निम्ति प्रार्थना गर्न छोडेका थिए। "अनि जब म तल्लोभन्दा पनि तल्लो स्तरमा गिरेको थिएँ। तब त्यसबेला मैले येशूलाई भेटैं। अब म यहाँ तपाईंहरूको सामु उहाँको शक्तिको बारेमा भनिरहेको छु। उहाँले नै मेरो जीवनलाई परिवर्तन गर्नुभयो।" अनि पास्टरले सार्वजनिक अनुरोध गरे, "यदि येशूले तपाईंको जीवन परिवर्तन गर्न चाहनुहुन्छ भने मेरो अगाडि आएर उभिनुहोस्।" मारेकले हुलमा १००० मानिसहरू देखे। ती सबै मानिसहरूको अगाडि उभिन मारेक हिचकिचाए। अनि पास्टरले उसको शङ्का र आनकानीलाई सम्बोधन गर्दै भने, "अरूहरूले तपाईंलाई कसरी हेरिरहेकाछन्, त्यसको निम्ति सुर्ता नगर्नुहोस्। अगाडि आउनुहोस् र उभिनुहोस्। यो निर्णय तपाईं र परमेश्वरको बिचको कुरो हो।"

मारेक जर्‍याक जुरुक उठ्यो। ऊ बस्नै सकेन। जब ऊ अगाडि गयो तब उसको हृदय अत्यन्तै ढुक ढुक भयो। अरू मानिसहरू पनि ऊसँग उभेका थिए। पास्टरले प्रार्थना गरे। त्यसबेला परमेश्वरको मुक्तिको योजना पहिलो पल्ट उसले बुझ्यो। ऊ खराब जीवन बिताइरहेको थियो। उसको ठाउँमा येशूले लिनुभएको थियो। उसको सट्टामा येशू क्रुसमा मर्नुभएको थियो। उसलाई उहाँले उसको पापबाट मुक्ति दिन क्रुसमा आफ्नो जीवन दिनुभएको थियो। येशूले यो भनिरहेको आभास उसले पायो, "तिमी अब स्वतन्त्र भयौ। मेरो राज्यमा सरिक हुन तिमी मुक्त भएका छौ।"मारेक धुरु धुरु रुन थाल्यो। कसैले पनि उसलाई रोक्न सकेन। उसका आँखाहरूबाट आँशुका धाराहरू बग्न थाले। मारेको ह्रिदय अत्यन्तै प्रज्वलित भयो। ऊ आनन्दले भावविभोर भयो।

"जब तपाईं दिउँसोको खाजा खान जानुहुन्छ, येशूले तपाईंलाई के गर्नुभयो सो सबैलाई सुनाउनु होस्," पास्टरले अनुरोध गऱ्यो। पास्टरले मलाई नै भनेको हो भनेर महसुस उसले गऱ्यो। सभा पछि सडकको छेऊमा बसिरहेका मानिसहरूलाई हर्षले गदगद हुँदै यो सुनाउन थाल्यो, "मैले येशूलाई भेटेको छु। उहाँले मेरो जीवनलाई परिवर्तन गर्नुभएको छ। म उहाँको राज्यमा बस्न पाउने भएको छु!"

त्यसदिनदेखि जब येशूले उसको जीवनलाई परिवर्तन गर्नुभएको थियो, तब मारेक अरूहरूको जीवन परिवर्तन गर्ने काममा लाग्न चाहना गर्न थाल्यो। आज ऊ पोल्याण्डको एडभेन्टिस्ट चर्चको निर्देशक भएको छ।

"युवाहरूको सेवा गर्न मैले अवसर पाएकोले परमेश्वरले मेरो जीवनलाई बचाउनुभएको मैले महसुस गरिरहेको छु। म उहाँको अनन्तको राज्यमामात्र सहभागी हुने भएकोमात्र होइन उहाँले मेरो शारीरिक वेवारिसे जीवन र मृत्युबाट पनि उहाँले उन्मुक्त भएको छु," खुशी भएर यस लेखलाई मारेकले सुनायो।

येशूलाई आफ्नो जीवन दिएपछि मारेक एडभेन्टिस्ट कलेजमा ईश्वरीय ज्ञान पढ्न थालेको थियो। त्यसैबेला आफ्नो बालककालको साथी माथ्यु उसको छाटीमा चक्कु रोपिएर मरेको थियो भनेर थाहा पायो। ऊ लागु पदार्थको दुर्वसनमा फसेर धेरै ड्रगहरू खान थालेको थियो। उसलाई के भयो कसैलाई थाहा थिएन। ऊ केवल २३ वर्षको मात्र थियो। मारेकलाई बालककालको अर्को साथी मार्टिन झ्यालखानामा सात वर्ष कैदी हुन पुगेको थियो।

आफूलाई परमेश्वरले नयाँ जीवन दिनुभएको थियो भनेर खुशी व्यक्त गर्दै यो सुनायो, "युवाहरूले तिनीहरूको जीवनको लक्ष्य थाहा पाउन् भन्ने अभियानमा म लागेको छु, जुन ढिलै भएपनि मैले पाएको थिएँ। मेरो कथा सुनेपछि अरू युवाहरूले पनि असल जीवन बिताऔस् भन्ने म चाहन्छु। सबै थोकबाट मलाई उद्धार गर्नुभएकोमा म परमेश्वरप्रति आभारित छु। उहाँले मलाई सबै थोक दिनुभयो। अब ममा भएको सबै थोक उहाँलाई दिएको छु।"

मारेक मिसाइक युथ डाइरेक्टरमात्र होइन पोल्याण्डको होप च्यानलको वक्ता पनि भएका छन्।

*-आन्ड्यु मेकचेस्नी*